# उच्च अदालत जनकपुर

२०७३

धनुषा

(प्रशासन शाखा)

फोन नं. ०४१-५२१०७४
०४१-५२१०७२
०४१-५२८१७३
Fax N. ०४१-५२७२९७
Email–infoacjanakpur@acourt.gov.np

प.सं

च.नं.

मितिः-२०७८।०३।०८

## थप सेवाहरु संचालन हुने सम्बन्धमा।

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको न्यू भेरिएन्ट कोभिड-१९ को संक्रमणको जोखिमलाई नियन्त्रण रोकथाम र उपचारको लागि मिति २०७८/०१/१४ को सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय एवं जिल्ला प्रशासन कार्यालय धनुषाबाट यस अघि जारी भएका सूचना एवम् मिति २०७८/०३/०७ समेतको निर्णय अनुसार संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिमको धनुषा जिल्ला भरीको लागि २०७८।०३।०८ गते देखी सामान्य खुकुलोपन सहीत थप एक हप्ता निषेधाज्ञा आदेश जारी भएको परिप्रेक्ष्यमा यस अदालतबाट मिति २०७८/०३/०१ मा भएको निर्णय अनुसार प्रकाशित सूचनामा उल्लेखित सेवाहरुका अतिरिक्त सुरक्षाको मापदण्ड पालना गरी देहाय बमोजिमका थप सेवाहरु संचालन गर्ने भनी आज मिति २०७८/०३/०८ मा बसेको बार-बेन्चको संयुक्त बैठकबाट निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. रिट निवेदन दर्ता र सो उपरको प्रारम्भिक सुनुवाई।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको दर्ता र प्रारम्भिक सुनुवाई।

३. थुनुवा निवेदक भएका र पक्ष विपक्षको प्रतिनिधित्व सुनिश्चित हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनमा भएको आदेश बमोजिम प्राप्त कैफियत प्रतिवेदनको सुनुवाई।

४. मिलापत्र।

कुवेर कुमार ढुङ्गेल
शाखा अधिकृत
**शाखा अधिकृत**